# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः २४ मितिः २०७९।१०।११

**भाग - १**

शिवराज नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

नेपालको संविधान २०७२ को धारा ३१ बमोजिम शिवराज नगरसभाले यो **शिवराज नगरपालिकाको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्न बनेको ऐन, २०७९** जारी गरेको छ ।

खण्डः ६ संख्याः २४ मितिः २०७९।१०।११

# शिवराज नगरपालिकाको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्न बनेको ऐन, २०७९

**नगर सभाबाट स्वीकृत मितिः २०७९/०९/२८**

**प्रस्तावनाः**

शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न तथा शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवं गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, शिवराज नगरपालिकाले यो ऐन बनाएको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "शिवराज नगरपालिकाको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्न बनेको ऐन, २०७९" रहेको छ।

(२) यो ऐन २०८० बैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) **"अनिवार्य शिक्षा"** भन्नाले नेपाल सरकारद्वारा तोकिएको उमेर समूहका बालबालिकाहरुलाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पुरा गर्ने बाध्यकारी व्यवस्थालाई सम्झनु पर्छ।

(ख) **"अभिभावक"** भन्नाले बालबालिकाको बाबु, आमा वा विद्यालयमा अभिभावकको रुपमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको संरक्षक वा माथवरलाई समेत जनाउँछ।

(ग) **"आर्थिक रुपले विपन्न"** भन्नाले तोकिएको सिमा भन्दा कम वार्षिक आय भएको अवस्था सम्झनु पर्छ।

(घ) **"आधारभूत शिक्षा"** भन्नाले बालविकास कक्षा देखि कक्षा आठसम्मको विद्यालय शिक्षा सम्झनु पर्छ।

(ङ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) **"निजी लगानीका विद्यालय"** भन्नाले निजी लगानीमा स्थापना वा सञ्चालन भएको विद्यालय सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको संस्थागत विद्यालयलाई समेत जनाउँछ।

(छ) **"नि:शुल्क शिक्षा"** भन्नाले विद्यालय वा शैक्षिक सस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शिर्षकमा कुनै पनि शुल्क असूल नगरी दिईने शिक्षालाई सम्झनु पर्छ।

(ज) **"प्रधानाध्यापक"** भन्नाले विद्यालयको नेतृत्व बहन गरी व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीलाई सम्झनु पर्छ र सो शब्दले विद्यालय वा शिक्षण संस्थाको प्रधानाचार्य वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य व्यक्ति समेतलाई जनाउँछ।

(झ) **"प्रारम्भिक बाल विकास तथा शिक्षा"** भन्नाले चार बर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि दिईने एक बर्ष अवधिको बालबालिकाको सर्वाङ्गिण विकासमा केन्द्रित बाल विकास तथा शिक्षा सम्झनु पर्छ।

(ञ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म वा सो सरहको शिक्षा सम्झनुपर्छ।

(ट) **"विद्यालय"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएको सार्वजनिक वा निजी लगानीका विद्यालय सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम कायम रहेका सामुदायिक वा संस्थागत विद्यालय समेतलाई जनाउँछ।

(ठ) **"विद्यार्थी"** भन्नाले विद्यालयमा भर्ना भई अध्ययन गरिरहेका व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले अनौपचारिक, खुला, वैकल्पिक लगायतका कार्यक्रममा शिक्षा हासिल गरि रहेका व्यक्तिलाई समेत जनाउँछ।

(ड) **"बिशेष शिक्षा"** भन्नाले दृष्टिविहिन, अटिजम, बहिरा, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारिरीक अपाङ्गता भएका वा यस्तै प्रकृतिका अवस्थाका बालबालिकालाई छुट्टै समूहमा राखि विशेष प्रकार र निश्चित माध्यमबाट दिईने शिक्षा सम्झनु पर्छ।

(ढ) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ।

(ण) **"शिक्षण संस्था"** भन्नाले विद्यालय वा उच्च शिक्षा प्रदायक संस्था सम्झनु पर्छ र सो शब्दले अनौपचारिक, वैकल्पिक वा खुला शिक्षा प्रदान गर्ने संस्थालाई समेत जनाउँछ।

(त) **"सार्वजनिक विद्यालय"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानीमा वा अनुदानमा सञ्चालित विद्यालय सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम सामुदायिक विद्यालयको रुपमा सञ्चालित विद्यालयलाई समेत जनाउँछ।

(थ) **"सार्वजनिक शैक्षिक गुठी विद्यालय"** भन्नाले मुनाफा नकमाउने उद्देश्यले सार्वजनिक शैक्षिक गुठी अन्तर्गत स्थापना वा सञ्चालन भएका कल्याणकारी विद्यालयलाई सम्झनुपर्छ।

## परिच्छेद – २

## शिक्षामा नागरिकको पहुँच र शिवराज नगरपालिकाको दायित्व :

**३. शिक्षा प्राप्त गर्ने अधिकार:**

(१) प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको अधिकार हुनेछ। शिक्षा प्राप्त गर्न कसैलाई कुनै पनि आधारमा भेदभाव गरिने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रत्येक नागरिकलाई यो ऐन वा प्रचलित कानून बमोजिम साक्षर हुने प्रारम्भिक बाल विकास शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) शिक्षा प्राप्त गर्ने प्रत्येक नागरिकलाई यो ऐन वा प्रचलित कानून बमोजिम विद्यालय वा शिक्षण संस्थामा प्रवेश पाउने, अध्ययन गर्ने, अनुसन्धान गर्ने, परीक्षामा सहभागी हुने वा शैक्षिक प्रमाण-पत्र प्राप्त गर्ने अधिकार हुनेछ।

(४) प्रत्येक निरक्षर नागरिकलाई तोकिए बमोजिम साक्षर हुने अधिकार हुनेछ।

(५) प्रत्येक नागरिकलाई प्रचलित कानून बमोजिमको शर्त तथा मापदण्ड पूरा गरी आफ्नो योग्यता, क्षमता तथा रुचि अनुसार शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(६) अपाङ्गता भएका नागरिकहरुलाई विशेष शिक्षाको माध्यमबाट समेत शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(७) प्रत्येक बालबालिकालाई प्रचलित कानूनमा व्यवस्था भए बमोजिमको योग्यता प्राप्त शिक्षकबाट गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

**४. शिक्षा प्रदान गर्ने राज्यको दायित्व हुने:**

(१) प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत् सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र शिवराज नगरपालिकाको हुनेछ।

(२) प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुनेछ।

**५. नागरिकको कर्तव्य:**

(१) आधारभूत तहसम्मको शिक्षा हासिल गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(२) आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समूहका आफ्ना बालबालिबाहरुलाई नियमित रुपमा विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तब्य हुनेछ।

**६. सार्वजनिक पद धारण गरेका व्यक्तिले आफ्ना सन्तान सामुदायिक विद्यालयमा भर्ना गर्नु पर्ने :**

(१) शिवराज नगरपालिकामा वसोवास गरी नेपालको संविधान, अन्य प्रचलित कानून वा अधिकार प्राप्त अधिकारीको निर्णय वा आदेश बमोजिम नियुक्त, निर्वाचित वा मनोनयन हुने र सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्यको पालना वा जिम्मेवारी निर्वाह गर्ने व्यक्तिले आफ्ना सन्तान सामुदायिक विद्यालयमा भर्ना गर्नु कर्तब्य हुनेछ ।

## परिच्छेद – ३
## अनिवार्य तथा निशुल्क शिक्षा

**७. अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने:**

(१) यो ऐन प्रारम्भ भएपछि पाँच वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई शिवराज नगरपालिकाले आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आधारभूत शिक्षा प्रदान गर्दा शिवराज नगरपलिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित वा स्वीकृती प्राप्त विभिन्न विद्यालय मार्फत प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ।

(३) अनिवार्य शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**८. बालबालिका भर्ना गराउनु पर्ने:**

(१) यो ऐन प्रारम्भ भएपछि पाँच वर्षको उमेर पूरा भएको प्रत्येक बालबालिकालाई निजको उमेर अनुसार निजलाई पायक पर्ने विद्यालयमा सम्बन्धित अभिभावकले भर्ना गराउनु पर्नेछ।

**स्पष्टीकरणः** यस परिच्छेदको प्रयोजनका लागि "पायक पर्ने विद्यालय" भन्नाले सम्बन्धित बालबालिकाको अभिभावक रहेको बासस्थानबाट दुई किलोमिटर दुरीसम्म रहेको विद्यालय सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम विद्यालयमा भर्ना भएको बालबालिकाले आधारभूत तहसम्मको शिक्षा पूरा नगरी निजलाई पठनपाठनबाट वञ्चित गर्ने उद्देश्यले अभिभावकले विद्यालयबाट छुटाउनु वा विद्यालय जानबाट रोक लगाउनु हुँदैन।

(३) विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा भर्ना नगराउने वा भर्ना भए पछि पनि आधारभूत तहसम्मको शिक्षा प्राप्त नगरी बालबालिकालाई विद्यालयबाट छुटाउने अभिभावकलाई शिवराज नगरपालिकाबाट प्रदान गरिने तोकिएका सुविधा प्राप्त गर्न रोक लगाउन सकिनेछ।

(४) आर्थिक, भौगोलिक वा शारिरीक, मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारणले बालबालिकाहरु विद्यालय जान नसक्ने भएमा तोकिए बमोजिम आवाशिय विद्यालय वा यातायातको सुविधा व्यवस्था गरी अध्ययन गर्ने व्यवस्था गर्न सक्नेछ।

**९. पायक पर्ने विद्यालयबाट शिक्षा प्राप्त पर्ने:**

(१) प्रत्येक बालबालिकालाई निजको अभिभावकको बासस्थानबाट पायक पर्ने विद्यालयबाट आधारभूत तह वा माध्यमिक तह सम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) आधारभूत शिक्षा प्राप्त गर्ने उमेरको कुनै बालबालिकाको हकमा उपदफा (१) बमोजिमको विद्यालय उपलब्ध हुन नसकेमा सम्बन्धित शिवराज नगरपालिकाले यो ऐन प्रारम्भ भएको पाँच वर्षभित्र त्यस्तो ठाउँमा विद्यालय स्थापना गर्ने वा त्यस्तो बालबालिकाका लागि आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न सक्ने बैकल्पिक व्यवस्था गर्नु पर्नेछ।

**१०. भर्ना गर्न इन्कार गर्न नहुने :**

(१) कुनै अभिभावकले आफ्नो बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न कुनै विद्यालयमा भर्ना गर्न अनुरोध गरेमा देहायको अवस्थामा बाहेक त्यस्तो विद्यालयको प्रधानाध्यापकले भर्ना गर्न इन्कार गर्नु हुँदैन:

(क) कुनै कक्षाको लागि अध्यापन गराउने विद्यार्थी जति संख्या निर्धारण गरिएको हो त्यति नै संख्यामा बालबालिका भर्ना भइसेकेको भएमा,

(ख) जुन कक्षामा निज भर्ना हुन चाहेको हो निजले त्यस्तो कक्षाको स्तर पूरा नगरेमा,

(ग) विद्यालयको भौतिक अवस्थाको कारणले थप बालबालिका भर्ना गर्न नसकिने भएमा ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी बालबालिका भर्ना गर्न इन्कार गरेमा प्रधानाध्यापकले त्यसको कारण सम्बन्धित अभिभावकलाई दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) को अवस्थामा निजले जुन कक्षाको स्तर पूरा गर्न सक्दछ निज वा निजको अभिभावकले सोही कक्षामा सोही विद्यालयमा निजलाई भर्ना गर्नु पर्नेछ ।

**११. विद्यालयबाट निष्काशन गर्न नहुने:**

(१) कुनै विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा लिई रहेका कुनै पनि बालबालिकालाई निजले आधारभूत तहसम्मको शिक्षा पूरा नगरी निजलाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन।

(२) विद्यालय भर्ना भएको बालबालिकाले कुनै अनुशासनहीन काम गरेको वा खराब आचरण भएको कारणले निजलाई आधारभूत शिक्षा प्राप्त गर्न वा परीक्षा दिन रोक लगाउन वा बञ्चित गर्न पाईने छैन।

(३) आधारभूत तहको शिक्षा प्राप्त गरिरहेको कुनै बालबालिकाको अनुशासन, आचरण, पठन पाठन लगायतका विषयमा कुनै सुधार गर्नु पर्ने भएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले सम्बन्धित अभिभावकसंग छलफल वा परामर्श गरी त्यस्तो बालबालिकाले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्न आवश्यक उपाय अवलम्बन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको उपाय अवलम्बन गर्दा पनि निजको पठन पाठन, अनुशासन, आचरणमा सुधार गर्न नसकिएमा सम्बन्धित अभिभावकले नै सुधारका उपाय अवलम्बन गर्नु पर्नेछ।

(५) उपदफा (१) वा (२) प्रतिकूल हुने काम दण्डनीय हुनेछ।

**१२. पुनः भर्ना गर्नु पर्ने:**

(१) पाँच वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नगरेको कुनै बालबालिका कुनै कारण बस विद्यालयमा भर्ना हुन नसकी आधारभूत तहसम्मको अध्ययन पूरा नगरेको वा आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छोडेको भएमा निजको उमेर वा स्तर अनुरुप विद्यालयले दफा १० को उपदफा (१) को अधीनमा रही निजलाई पुनः भर्ना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भर्ना भएको बालबालिकालाई निज भर्ना भएको कक्षाका अन्य बालबालिकाको समान स्तरमा पुर्याउन सम्बन्धित विद्यालयले आवश्यक बैकल्पिक उपाय अवलम्बन गर्नु पर्नेछ।

**१३. स्थानान्तरण गर्नु पर्ने:**

(१) कुनै बालबालिका भर्ना भएको कुनै विद्यालयमा आधारभूत तहसम्मको अध्यापन गराउन स्वीकृत प्राप्त नभएको वा त्यस्तो विद्यालय अर्को विद्यालयमा गाभिएको वा अन्य कुनै कारणले बन्द गर्नु परेको अवस्थामा शिवराज नगरपालिकाले त्यस्तो विद्यालयबाट आधारभूत तहको शिक्षा पूरा नगरेका बालबालिकालाई पायक पर्ने अर्को विद्यालयमा स्थानान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानान्तरण हुने बालबालिकालाई त्यस्तो विद्यालयमा पुनः भर्ना गराउनु पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको विद्यार्थी वा निजको अभिभावकले रोजेको अन्य कुनै विद्यालयमा भर्ना हुन यस दफाले बाधा पुर्याउने छैन।

**१४. स्थानान्तरण प्रमाणपत्र दिनु पर्ने:**

(१) आधारभूत तह सम्मको शिक्षा पूरा नगरेको कुनै बालबालिका वा निजको अभिभावकले कुनै कारण देखाई निजले अध्ययन गरिरहेको विद्यालय छोडी त्यस्तो शिक्षा प्राप्त गर्न अर्को विद्यालयमा भर्ना हुन स्थानान्तरण प्रमाणपत्र माग गरेमा निजले पूरा गरेको अध्ययनको विवरण खुलाई सम्बन्धित प्रधानाध्यापकले निजलाई अविलम्ब स्थानान्तरण प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र पेश गरेपछि दफा १० को उपदफा (१) को अधीनमा रही बालबालिकाले भर्ना हुन चाहेको विद्यालयले निजलाई अविलम्ब भर्ना गर्नु पर्नेछ।

**१५. आधारभूत तहसम्म वैकल्पिक शिक्षा:**

(१) विद्यालयमा भर्ना भई पूरा समय अध्ययन गरी आधारभूत तहको शिक्षा प्राप्त गर्न नसक्ने बालबालिकालाई वैकल्पिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) आधारभूत तहसम्मको वैकल्पिक शिक्षा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१६. खुला विद्यालय:**

(१) विद्यालयमा भर्ना भई नियमित रुपमा अध्ययन गर्न नसक्ने बालबालिकाले आधारभूत तहभन्दा माथिको माध्यमिक तहको शिक्षा खुला विद्यालयबाट प्राप्त गर्न सक्नेछ।

(२) खुला विद्यालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१७. परम्परागत शिक्षा प्रदान गर्न सकिने:**

(१) परम्परादेखि चलि आएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रितिरिवाज र अभ्यासको जगेर्ना गर्न र त्यसलाई समय सापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरुकूल, गुम्बा वा मदरसा जस्ता संस्था सञ्चालन गरी बालबालिकालाई शिक्षा प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्नको लागि सञ्चालन गरिने गुरुकूल, गुम्बा वा मदरसा शिवराज नगरपालिकामा दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालन हुने गुरुकूल, गुम्बा वा मदरसाले बालबालिकालाई शिक्षा प्रदान गर्दा तोकिए बमोजिमको शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दर्ता गरी सञ्चालनमा रहेका गुरुकूल, गुम्बा वा मदरसाले त्यस्तो संस्थाले प्रदान गर्ने शिक्षाका अतिरिक्त नेपाल सरकारले निर्धारण गरिएको पाठ्यक्रम प्रारुपका आधारमा तयार पारिएको पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्री बमोजिमको शिक्षा प्रदान गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम प्रदान गरिने शिक्षा आधारभूत तहसम्मको हुनेछ ।

(६) परम्परागत शिक्षा प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१८. प्राबिधिक शिक्षा सम्बन्धी व्यवस्थाः**

(१) आधारभूत तह पुरा गरेको प्रत्येक नागरिकलाई प्रचलित कानून बमोजिम माध्यमिक शिक्षा वा सो सरहको प्राबिधिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) यस दफामा लेखिए देखि बाहेक आधारभूत तह पछि प्रदान गरिने प्राबिधिक शिक्षा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**१९. अभिभावकको पहिचान नभएका बालबालिकाको शिक्षाः**

(१) शिवराज नगरपालिकाको भौगोलिक क्षेत्रभित्र अभिभावक पहिचान नभएका वा पत्ता नलागेका बालबालिका भएमा त्यस्ता बालबालिकाको आधारभूत तहसम्मको शिक्षा उपलब्ध गराउने, पठनपाठन तथा त्यससँग सम्बन्धित अन्य कुराको व्यवस्थापन गर्ने जिम्मेवारी शिवराज नगरपालिकाको हुनेछ।

(२) उपदफा १ बमोजिमको शिक्षा प्रदान गर्ने व्यवस्था गर्न शिवराज नगरपालिकाको सम्बन्धित वडा समितिको जिम्मेवारी तथा कर्तब्य हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित बालबालिकाको अभिभावकको पहिचान भएमा वा पत्ता लागेमा अभिभावकले नै त्यसको जिम्मेवारी लिनु पर्नेछ।

(४) अभिभावक पहिचान नभएका बालबालिकाको पठनपाठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२०. योग्य नहुने:**

(१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि सम्वत् २०८५ साल बैशाख १ गते पछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति देहायको कुनै अवसर प्राप्त गर्न योग्य हुने छैन:

(क) नेपाल सरकार, प्रदेश सरकार वा शिवराज नगरपालिकाको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार, प्रदेश सरकार वा शिवराज नगरपालिकाको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै संस्थाको सेवामा प्रवेश गर्न वा कुनै पनि सरकारी, गैरसरकारी वा निजी क्षेत्रमा स्थापित कुनै पनि संस्थामा कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न,

(ख) कुनै पनि कम्पनी, फर्म, सहकारी संस्था वा गैरसरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो कम्पनी फर्म वा संस्थाको शेयरधनी, सञ्चालक वा सदस्य वा कुनै पदाधिकारी हुन,

(ग) कुनै पनि पेशा, रोजगार, व्यवसाय सञ्चालन गर्न लिनुपर्ने अनुमतिपत्र वा इजाजत पत्र प्राप्त गर्न।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अगावै आधारभुत शिक्षा प्राप्त गर्ने उमेर समुह नाघिसकेको व्यक्तिको हकमा यो उपदफाले कुनै बाधा पुर्याउने छैन।

**२१. माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने:**

(१) प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार हुनेछ।

(२) शुल्क, दस्तुर वा चन्दा लिन नहुनेः माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्न कुनै बालबालिका विद्यालयमा भर्ना हुँदा, अध्ययन गर्दा वा परीक्षामा समावेश हुँदा निज वा निजको अभिभावकबाट कुनै पनि प्रकारको भर्ना शुल्क, मासिक वा अध्ययन शुल्क, परीक्षा शुल्क वा अन्य कुनै नाममा कुनै पनि प्रकारको शुल्क, दस्तुर, सहायता, चन्दा लिन पाईने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि विध्यालयले विध्यार्थिहरुको आवत जावतको लागि यातायातको अतिरिक्त सुविधा दिएको हकमा यातायात सुविधा वापतको शुल्क लिन भने बाधा पर्ने छैन।

तर कसैले विद्यालयलाई आफूखुसी कुनै चन्दा, दान, सहयोग वा पुरस्कार प्रदान गर्न वाधा पर्ने छैन।

(४) निःशूल्क शिक्षा सम्बन्धि अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

**२२. निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने:**

(१) नेपाल सरकारले आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने प्रत्येक बालबालिकालाई निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनका लागि रकम उपलब्ध गराउने छ।

(२) उपदफा (१) बमोजिम शिवराज नगरपालिकाले शैक्षिक सत्र प्रारम्भ हुनु भन्दा कम्तिमा एक महिना अघि नै पाठ्यपुस्तकको रकम बिद्यालयको खातामा उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिम रकम प्राप्त गरेपछि बिद्यालयले पाठ्यपुस्तक खरिद गरि विधार्थी भर्नाको समयमा विधार्थीलाई उपलब्ध गराउनु पर्नेछ।

**२३. पोशाक सुविधा उपलब्ध गराउनु पर्नेः**

(१) मानव विकास सूचकांकको दृष्टिकोणले तोकिएको सूचकांक भन्दा पछाडि परेका क्षेत्रका तोकिएको समुदाय वा आर्थिक रुपले विपन्न परिवारका बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न विद्यालयले निर्धारण गरेको पोशाक लगाउनु पर्ने त्यस्तो पोशाक सुविधा शिवराज नगरपालिकाले उपलब्ध गराउन सक्नेछ।

तर संस्थागत विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई उपलब्ध गराउनु पर्ने छैन।

(२) पोशाक सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२४. शिवराज नगरपालिकाले दिवा खाजाको व्यवस्था गर्नुपर्नेः**

(१) शिवराज नगरपालिकाले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न बालबालिकालाई दिवा खाजा, दिवा खाजा खर्च वा त्यस्तै अन्य सुविधाको व्यवस्था गर्नेछ।

(२) शिवराज नगरपालिकाले उपलब्ध गराउने दिवा खाजा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२५. शैक्षिक सामाग्री प्रदान गर्न सक्नेः**

(१) शिवराज नगरपालिकाले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न सार्वजनिक विद्यालयमा भर्ना भएका आर्थिक रुपले विपन्न बालबालिकालाई आवश्यक पर्ने कापी, कलम लगायतका शैक्षिक सामाग्री प्रदान गर्न सक्नेछ।

(२) शैक्षिक सामग्री प्रदान गर्ने अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

**२६. आर्थिक सहायता प्रदान गर्न सक्नेः**

(१) मानव विकास सूचकाङ्कको दृष्टिकोणले तोकिएको सुचकाङ्क भन्दा पछाडि परेका क्षेत्रका सम्बन्धित तोकिदिएका समुदायका वा आर्थिक रुपले विपन्न परिवारका बालबालिकालाई शिवराज नगरपालिकाले आधारभूत तह सम्मको शिक्षा प्राप्त गर्न तोकिए बमोजिम मासिक छात्रवृत्ति वा बालबालिकालाई विद्यालयमा अध्ययन गर्न पठाए वापत त्यस्ता परिवारलाई दोहोरो नपर्ने गरी तोकिए बमोजिम आर्थिक सहायता वा आर्थिक प्रोत्साहान प्रदान गर्न सक्नेछ।

(२) मासिक छात्रवृत्ति, आर्थिक सहायता वा आर्थिक प्रोत्साहन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२७. शिक्षणको माध्यम भाषा:**

(१) विद्यालयले प्रदान गर्ने शिक्षा नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषामा हुन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विद्यालयले चाहेमा भाषागत विषयमा बाहेक पठन पाठनका अन्य सम्पूर्ण विषयमा बिधालय ब्यवस्थापन समिति र अभिभावकको सहमतिमा अंग्रेजी वा मातृभाषामा शिक्षा प्रदान गर्न सक्नेछ।

**२८. निजी लगानीका विद्यालय सेवामूलक हुने:**

(१) निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा सेवामूलक तथा लोककल्याणकारी हुने गरी सञ्चालन गर्नु पर्नेछ।

(२) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिए भए तापनि प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयले विद्यार्थी संख्याको आधारमा बालविकास शिक्षादेखि बाह्र कक्षासम्मका कूल विद्यार्थी संख्याको आधारमा देहाय बमोजिम विद्यार्थीलाई निःशुल्क छात्रबृत्ति प्रदान गर्न स्थान आरक्षण गर्नु पर्नेछ।

(क) ५०० जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा १० प्रतिशत

(ख) ५०० देखि ८०० जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा १२ प्रतिशत

(ग) ८०० जनाभन्दा बढी विद्यार्थी भएका विद्यालयले कम्तीमा १५ प्रतिशत

## परिच्छेद – ४
## शिक्षाका लागि बजेट विनियोजन तथा अनुदान

**२९. बजेट विनियोजन तथा अनुदान:**

(१) नेपाल सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत शिवराज नगरपालिकालाई विद्यालय तथा विद्यार्थी संख्या र विद्यार्थीले प्राप्त गरेको नतिजाको आधारमा आधारभूत तथा माध्यमिक शिक्षाको प्रयोजनका लागि अनुदान रकम विनियोजन गर्नेछ।

(२) प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत शिवराज नगरपालिकालाई आधारभूत तहको शिक्षा तथा माध्यमिक तहको शिक्षाको लागि प्रदेश कानून बमोजिम निश्चित रकम आवश्यक अनुदानको रुपमा विनियोजन गर्नेछ।

**३०. शिवराज नगरपालिकाले बजेट विनियोजन गर्ने:**

(१) शिवराज नगरपालिकाले आफ्नो वार्षिक बजेटमा आधारभूत तह तथा माध्यमिक तहको शिक्षा प्रदान गर्ने प्रयोजनका लागि विध्यालयसँग रहेको मौज्दात रकम, विध्यालयलाई संघीय सरकार, प्रदेश सरकार र अन्य निकायबाट प्राप्त अनुदान तथा अन्य रकम र विध्यालयको आन्तरिक आम्दानीको आधारमा आवश्यक वजेट विनियोजन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बजेट विनियोजन गर्दा आधारभूत तह वा माध्यमिक तहको शिक्षा प्रदान गर्न शिवराज नगरपालिकाले सञ्चालन गरेका प्रत्येक विद्यालयलाई बजेट प्रदान गर्नु पर्नेछ।

**३१. अन्य व्यक्ति वा संस्थाले सहायता दिन सक्नेः**

(१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार तथा शिवराज नगरपालिकाका अतिरिक्त अन्य कुनै व्यक्ति, संघ, संस्थाले पनि आधारभूत तह वा माध्यमिक तहको शिक्षा प्रदान गर्ने विद्यालयलाई कुनै किसिमको आर्थिक सहायता, सहयोग वा अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहायता, सहयोग वा रकम उपलब्ध गराउँदा शिवराज नगरपालिका मार्फत वा शिवराज नगरपालिकाको स्वीकृति प्राप्त गरी गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सहायता, सहयोग वा रकम उपलब्ध गराउन कार्यविधि र ढाँचा शिवराज नगरपालिकाले बनाएको कानून बमोजिम हुनेछ।

## परिच्छेद – ५

## कसुर तथा जरिवाना

**३२. कसुर तथा जरिवाना गर्नेः**

(१) कसैले देहायको कार्य गरेमा यस ऐन बमोजम कसुर गरेको मानिने छः

(क) दफा १० को उपदफा (१) बमोजिम बालबालिकालाई भर्ना गर्न इन्कार गरेमा,

(ख) दफा ११ को उपदफा (२) बमोजिमको आधारभूत शिक्षा प्राप्त गर्न वा परीक्षा दिन रोक लगाउने वा वञ्चीत गरेमा,

(ग) दफा ६ बमोजिम वितरित कार्य गरेमा।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा सम्बन्धित बालबालिकाको अभिभावकले पन्ध्र दिनभित्र न्यायिक समितिमा उजुरी निवेदन दिन सक्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनु पर्छ ।

(३) कसैले उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम कसुर गरेमा न्यायिक समितिले सम्बन्धित प्रधानाध्यापकलाई देहाय बमोजिम जरिवाना गर्नेछ।

(क) खण्ड (क) बमोजिमको कसुर गर्नेलाई पाँच हजार रुपैंयासम्म,

(ख) खण्ड (ख) बमोजिमको कसुर गर्नेलाई पाँच हजार रुपैंयासम्म,

(ग) खण्ड (ग) बमोजिमको कसुर गर्नेलाई पाँच हजार रुपैंयासम्म,

(४) उपदफा (१) बमोजिम न्यायिक समितिले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-६
## विविध व्यवस्था

**३३. अपांगता तथा दलित नागरिकको बिशेष अधिकार:**

(१) प्रत्येक दृष्टिविहीन, बहिरा तथा स्वर र बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई ब्रेललिपी, सांकेतिक भाषा वा त्यस्तो नागरिकको लागि उपयुक्त हुने अन्य माध्यमबाट शिक्षा प्रदान गर्नु पर्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि “अपांगता भएको नागरिक” भन्नाले कानूनले तोकिए बमोजिम पूर्ण वा आंशिक रुपमा अंपागता भएको नेपाली नागरिक सम्झनु पर्छ।

(२) अपांगता भएका तथा बिपन्न दलित नागरिकलाई शिक्षा प्राप्त गर्ने सम्बन्धमा यस ऐनमा लेखिएका अधिकारका अतिरिक्त कानून बमोजिम थप बिशेष अधिकार प्राप्त हुनेछ।

(३) विद्यालय बाहिर रहेका दलित, अपांगता भएका र आर्थिक रुपले विपन्न बालबालिकालाई विद्यालयमा भर्ना गराउन र सिकाइमा निरन्तरता दिन बिशेष व्यवस्था गरिनेछ।

**३४. अनुगमन सुचकाङ्क:**

(१) यस ऐनको कार्यान्वयनको निम्ति अनुगमन गर्न संयन्त्र निर्माण गरिनेछ।

(२) ऐन बमोजिम व्यवस्था भएको शिक्षाको अधिकारको कार्यान्वयनका लागि अनुगमन सुचाकांक तयार गरिनेछ र सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ। अनुगमन सूचक बमोजिम अनुगमन गरी कार्यान्वयन भए नभएको मापन गरिनेछ।

(३) अनुगमन संयन्त्र र सूचकांक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३५. प्रतिवेदन पेश गर्ने:**

(१) शिवराज नगरपालिकाले प्रत्यके वर्ष नगर सभामा देहायको विवरण सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ:

(क) सञ्चालनमा रहेका सामुदायिक तथा निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने तहगत बालबालिकाको संख्या,

(ख) विद्यालयमा भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पूरा गर्ने बालबालिकाको संख्या,

(ग) विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छोड्ने विद्यार्थीका संख्या,

(घ) आधारभूत तह, माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको स्रोत,

(ङ) अन्य आवश्यक कुरा।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन जानकारीको लागि संघीय शिक्षा मन्त्रालय र प्रदेश शिक्षा मन्त्रालयमा पठाउनु पर्नेछ।

**३६. साझेदारी वा सहकार्य गर्न सकिनेः**

(१) विद्यालय व्यवस्थापनमा सुधार, गुणस्तरयुक्त शिक्षाको विकास तथा विद्यार्थीहरुको सिकाइ अभिबृद्धि सम्बन्धी कार्य गर्नका लागि विद्यालय तथा प्रचलित कानून बमोजिम संचालनमा रहेका गैर सरकारी संस्था र शिवराज नगरपालिका विच पारस्परिक साझेदारी सहकार्य गर्न सक्ने गरी आवश्यक प्रबन्ध गरिनेछ।

(२) उपदफा (१) बमोजिमको साझेदारी तथा सहकार्य सम्बन्धी व्यवस्थाको कार्यान्वयन प्रचलित कानून बमोजिम हुनेछ।

**३७. शैक्षिक प्रमाणपत्र प्राप्त गर्ने अधिकारः**

(१) प्रत्येक नागरिकलाई यस ऐन वा प्रचलित कानून बमोजिम प्राप्त गरेको शिक्षाको निर्धारित पाठ्यक्रम बमोजिम अध्ययन कार्यक्रम सफलतापूर्वक पूरा गरेपछि शैक्षिक प्रमाणपत्र पाउने अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिम आधारभूत शिक्षा पुरा गरेका नागरिकलाई मात्र शैक्षिक योग्यताको प्रमाण पत्र प्रदान गरिनेछ।

(३) उपदफा (१) बमोजिम माध्यमिक शिक्षा पुरा गरेका नागरिकलाई राष्ट्रिय परीक्षा बोर्ड तथा प्रदेश परीक्षा बोर्डले तोके बमोजिम शैक्षिक योग्यताको प्रमाण पत्र प्रदान गर्नेछ।

**३८. यसै ऐन बमोजिम हुनेः** यो ऐन प्रारम्भ भएका बखत सञ्चालनमा रहेका विद्यालय वा शिक्षण संस्था यसै ऐन बमोजिम स्थापना र सञ्चालन भएको मानिने छन्।

**३९. नियम बनाउने अधिकारः** शिवराज नगरपालिकाले यो ऐनको कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्नेछ।

**४०. निर्देशिका तथा मापडण्ड बनाउने अधिकारः**

(१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाएको निर्देशिका तथा मापदण्ड शिवराज नगरपालिकाले सार्वजनिक गर्नेछ।

**आज्ञाले,**
**राकेश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**